# सिस्ने गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)
प्रदेश नं. ५, नेपाल

## औषधीजन्य मालसामान तथा उपकरण खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. ४५/२०७६/०७७
प्रथम पटक प्रकाशित मितिः २०७६/१२/२३

सिस्ने गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आ.व. ०७६२०७७ मा निशुल्क वितरणका लागि आवश्यक पर्ने औषधीजन्य मालसामान तथा उपकरणहरु खरिद गर्ने प्रयोजनका लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा कम्पनीलेतपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ।

शर्तहरूः

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रू. १०००।- (अक्षरुपी एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाइ वा यस गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको राजश्व खाता नं. १८९०३०००००००१००४ मा रकम जम्मा गरेको सक्कल भौचर बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्नका लागि निवेदकले नविकरण गरिएको सम्बन्धित विषयको कारोवार गर्न इजाजत प्राप्त कम्पनी दर्ता वा फर्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रामाणित प्रतिलिपिहरु संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउपत्र रितपूर्वक भरी यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा नीजका प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्नेछैन साथै दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा ततपश्चात कार्यालय खुलेको दिनलाई मानिनेछ।

३. शिलबन्दी दरभाउपत्र दर्ता गर्दा शिलबन्दी दरभाउपत्र धरौटी बापत कबोल अंकको २.५% ले हुन आउने रकम सिस्ने गाउँपालिकाको नाममा ने.बैं.लि. रुकुमकोट शाखामा रहेको धरौटी खाता नं १८९०३०००००००३००००४ मा दाखिला गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अंकको ५५ बराबरको रकम सम्झौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्नेछ वा यस कार्यालयको नाममा मान्यता प्राप्त 'क' बर्गका बैंकबाट जारी भएको बैक जमानत पेश गर्नुपर्नेछ।

४. दरभाउपत्रदाताले कबुल गरेको प्रत्येक आईटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ। दरभाउपत्र फारममा केरमेट भएको ठाउँमा सहीछाप नगरेको पाईएमा मान्यता दिईने छैन।

५. दरभाउपत्रदाताले आफूले खरिद गरेको दरभाउपत्र शिलबन्दी गरी दर्ता गराउनु पर्नेछ। फोटोकपी गरी पेश गरेको दरभाउपत्रलाई मान्यता दिईनेछैन। यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको दरभाउपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन साथै दरभाउपत्रमा कुनै सर्त राखि पेश गरेमा मान्य हुनेछैन। रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. दरभाउत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधिभित्र औषधी तथा उपकरण सामाग्री बुझाउनु पर्नेछ र सम्पूर्ण करहरु दरभाउपत्रदाताले नै बेहोर्नु पर्नेछ।

७. सप्लाई हुने औषधी WHOGMP सर्टिफिकेट प्राप्त कम्पनीबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटमा उत्पादन र म्याद समाप्त मिति र स्पष्टरुपमा उल्लेख भएको हुनुपर्नेछ। साथै सप्लाई गर्ने औषधीको म्यादको सम्बन्धमा उक्त औषधीको manufacturing date बाट भहउय्चथ मबतभ कम्तीमा १८ महिना बाँकि हुँदा स्टोर दाखिला हुनुपर्नेछ। सो भन्दा घटी म्याद भएको औषधीहरु कुनै पनि हालतमा बुझिलिने छैन तर कुनै औषधीको जम्मा expiry date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा expiry date को ७५५ म्याद बाँकि हुँदा दाखिला गर्न सकिनेछ।

८. मू.अ.क. लाग्ने आईटमको दररेट उल्लेख गर्दा मू.अ.क. बाहेकको उल्लेख गर्नुपर्नेछ।

९. दरभाउपत्र फारम साथ आफूले सप्लाई औषधी तथा उपकरण सामाग्रीको नमुना अनिबार्य रुपमा पेश गर्नुपर्नेछ।

१०. दरभाउपत्र स्वीकृत गर्दा आईटम वाईज स्वीकृत नगरी प्याकेजको रुपमा स्वीकृत गरीनेछ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ तथा नेपालको प्रचलित नियम कानुन अनुसार हुनेछ।

१२. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३. दरभाउपत्र सम्बन्धि अन्य केहि कुरा बुझ्नु परेमा यस कार्यालय समयभित्र कार्यालयको फोन नं ०८८-४१३०६४ वा वेबभसाईट sisnemun.gov.np मा बुझ्न सकिनेछ।

तपशिलः

| बोलपत्र नं | कामको बिवरण | लागत अनुमान रु. (मू.अ.क. सहित) | दरभाउपत्र दस्तुर रू. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०२/२०७६/०७७ (स्वास्थ्य) | निःशुल्क वितरणको लागि औषधीजन्य मालसामान तथा उपकरण खरिद | ८,४९,९४३.४८।- (आठ लाख उनान्पचास हजार नौ सय त्रिचालिस रुपैया रुपैया पैसा अट्चालिस मात्र) | १०००।- | २१,५००.००।- |

नि. प्रमुख प्रशासकीय अधिकृत